# बुढानीलकण्ठ नगरपालिका

बूढानीलकण्ठ नगरकार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः- ५ सङ्ख्याः- ७ मितिः- २०७९।११।१२

## भाग-२

## विद्यालय लेखापरीक्षण कार्यविधि, २०७९

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (ज) मा रहेको विद्यालयको शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकार एवम् बुढानीलकण्ठ नगरपालिका, शिक्षा व्यवस्थापन कार्यविधि, २०७५ को नियम ८७ (१) ले दिएको अधिकार प्रयोग गरी विद्यालय लेखापरीक्षण कार्यविधि, २०७९ जारी गरी लागु गरिएको छ ।

## परिच्छेद-१

## परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम बुढानीलकण्ठ नगरपालिका विद्यालय लेखापरीक्षण कार्यविधि, २०७९ रहेको छ ।

(ख) यो कार्यविधि बुढानीलकण्ठ नगरपालिका क्षेत्रभित्र लागु हुने छ।

(ग) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

(क) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ।

(ख) **"कार्यविधि"** भन्नाले बूढानीलकण्ठ नगर क्षेत्रभित्रका विद्यालयहरूको लेखापरीक्षणसम्बन्धी कार्यविधि, २०७९ सम्झनुपर्छ।

(ग) **"बु.न.पा."** भन्नाले बुढानीलकण्ठ नगरपालिका सम्झनुपर्दछ।

(घ) **"प्रमुख"** भन्नाले बुढानीलकण्ठ नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ङ) **"उपप्रमुख"** भन्नाले बुढानीलकण्ठ नगरपालिकाको उपप्रमुख सम्झनुपर्छ।

(च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले बुढानीलकण्ठ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(छ) **"शिक्षा, युवा तथा खेलकुद महाशाखा"** भन्नाले बुढानीलकण्ठ नगरपालिका अन्तर्गतको "शिक्षा, युवा तथा खेलकुद महाशाखालाई सम्झनुपर्छ ।

(ज) **"महाशाखा प्रमुख"** भन्नाले बु.न.पा. शिक्षा युवा तथा खेलकुद महाशाखा प्रमुख सम्झनुपर्छ ।

(झ) **"लेखापरीक्षण"** भन्नाले आन्तरिक र बाह्य लेखापरीक्षण कार्यलाई जनाउँछ ।

**(ञ)** **"लेखापरीक्षक"** भन्नाले लेखापरीक्षण गर्ने कार्यको लागि प्रमाणपत्र प्राप्त व्यक्ति संस्था वा फर्मलाई जनाउँछ ।

## परिच्छेद-२
## लेखापरीक्षक सम्बन्धी व्यवस्था

३. यस नगरपालिका स्थित सामुदायिक र सार्वजनिक गुठीबाट सञ्चालित विद्यालयले बु. न. पा.ले तोकेको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्ने छ । निजी गुठी तथा संस्थागत विद्यालयको लेखापरीक्षणको हकमा सम्बन्धित विद्यालयले लेखापरीक्षणका लागि विद्यालय व्यवस्थापन समितिको निर्णयसहित कम्तिमा तिनओटा दर्तावाल लेखापरीक्षक/फर्म सिफारिस गरी तोकिएको समयावधिभित्र बु.न.पा. शिक्षा, युवा तथा खेलकुद महाशाखामा पेस गर्नुपर्ने छ ।

४. लेखापरीक्षक नियुक्तिका लागि संलग्न गर्नुपर्ने कागजातहरू
   क. लेखापरीक्षकको नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि
   ख. आन्तरिक राजश्व कार्यालयबाट कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
   ग. लेखापरीक्षक बहालवाला कर्मचारी भए विभागीय स्वीकृति पत्रको प्रतिलिपि

५. विद्यालयको लेखापरीक्षणसम्बन्धी निवेदनको ढाँचा र सिफारिसको ढाँचा क्रमश : अनुसूची एक र दुईबमोजिम हुने छ ।

## परिच्छेद-३
## लेखापरीक्षक छनोट समिति

६. लेखापरीक्षक छनौट समिति देहाय बमोजिम हुने छ :

**संयोजक-** महाशाखा प्रमुख, शिक्षा, युवा तथा खेलकुद महाशाखा, बु.न.पा.

**सदस्य-** लेखा अधिकृत, बु.न.पा.

**सदस्य -** आ.ले.प.शाखा प्रमूख, बु.न.पा.

**सदस्य सचिव-** शाखा अधिकृत, शिक्षा महाशाखा बु.न.पा

विधि ६ बमोजिम लेखापरीक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छः-

(क) आर्थिक वर्ष सुरु भएको एक महिनाभित्र लेखापरीक्षणको लागि स्थानीय स्तरको पत्रिकामा १५(पन्ध्र) दिनको र बु.न.पा. को वेबसाइटमा सार्वजनिक सूचना प्रकाशित गर्ने,

(ख) लेखापरीक्षक छनौटका लागि मापदण्ड एवम् सूचक तयार गरी कार्यान्वयन गर्ने

(ग) प्रकरण (क) बमोजिम प्राप्त आवेदन उपर छानबिन गर्ने,

(घ) लेखापरीक्षक नियुक्ति गरी सम्बन्धित लेखापरीक्षक र विद्यालयलाई लिखित जानकारी गराउने,

(ङ) लेखापरीक्षण सम्बन्धमा आइपरेका समस्याउपर लेखापरीक्षक छनौट समितिको बैठक बसी आवश्यक निर्णय गर्ने,

(च) विद्यालयहरूको एक आर्थिक वर्षमा कम्तिमा एक पटक स्थलगत अध्ययन गरी लेखा एवम् लेखापरीक्षण सम्बन्धमा अनुगमन निरीक्षण गरी प्रतिवेदन बु.न.पा. समक्ष पेस गर्ने,

(छ) बू.न.पा.ले तोकेबमोजिमका लेखापरीक्षणसम्बन्धी अन्य कार्य गर्ने,

(ज) संस्थागत विद्यालयहरूबाट तोकिएको अवधिभित्र लेखापरीक्षकको नामावली प्राप्त नभएमा माथि उल्लिखित समितिले लेखापरीक्षक छनोट गर्ने ।

७. विधि ६ बमोजिम लेखापरीक्षक छनोट समितिको सिफारिसमा शिक्षा, युवा तथा खेलकुद महाशाखाले नियुक्ति दिने छ ।

## परिच्छेद-४

## लेखापरीक्षक पारिश्रमिक

८. लेखापरीक्षण गरेबापत सम्बन्धित विद्यालयबाट देहायबमोजिमको शुल्क भुक्तानी गर्नुपर्ने छ ।

(क) सुरु रु.२५,०००००। ( पच्चिस लाख) सम्म को रु. ५,०००।-

(ख) त्यसपछिको प्रत्येक ५,०००००। (पाँच लाख) सम्मको कारोबारमा थप रु. १०००। का दरले लेखापरीक्षण पारिश्रमिक सम्बन्धित विद्यालयले दिनुपर्ने छ ।

(ग) उक्त पारिश्रमिक रकममा नियमानुसार आयकर कट्टी हुने छ ।

(घ) विद्यालयहरूले बू.न.पा. ले तोकेको रकमभन्दा बढी पारिश्रमिक दिन पाउने छैनन् ।

९. लेखापरीक्षकबाट माथि उल्लेखित रकमभन्दा बढी रकम विद्यालयमा दाबी गर्न पाइने छैन । लेखा परीक्षकले नियमानुसार हुन आउने रकम भन्दा बढी माग गरेमा सम्बन्धित विद्यालयले रकम भुक्तानी नगरी तुरुन्त बु.न.पा.

शिक्षा, युबा तथा खेलकुद महाशाखामा जानकारी गराउनुपर्ने छ ।

१०. बुढानीलकण्ठ नगरपालिकाले जुनसुकै बखत लेखापरीक्षकको नियुक्ति रद्द गर्न सक्ने छ ।

## परिच्छेद-५

## आन्तरिक लेखापरीक्षण

११. प्रत्येक वर्षमा बुढानीलकण्ठ नगरपालिकाको सामुदायिक विद्यालयको आन्तरिक लेखापरीक्षण बु.न.पा. को आन्तरिक लेखापरीक्षण शाखाबाट हुने छ । सामान्यतया चौमासिक रूपमा आन्तरिक लेखापरीक्षण गरी सोको प्रतिवेदन सम्बन्धित विद्यालय र बु.न.पा समक्ष पेस गर्नुपर्ने छ ।

१२. आन्तरिक लेखापरीक्षण वापतको पारिश्रमिक लिन/दिन पाइने छैन ।

## परिच्छेद-६

## लेखापरीक्षण प्रतिवेदन उपर कारवाही

१३. लेखा परीक्षकले दिएको लेखापरीक्षण प्रतिवेदन स्तरीय ढाँचामा र सन्तोषजनक नभएको देखिएमा विद्यालय व्यवस्थापन समितिको निर्णयसहित बु.न.पा. शिक्षा, युबा तथा खेलकुद महाशाखामा पेस गर्ने । उक्त लेखापरीक्षण प्रतिवेदन उपर छानबिन गरी आवश्यक कारबाही गर्ने

जिम्मेवारी बु.न.पा.शिक्षा, युवा तथा खेलकुद महाशाखाको हुने छ ।

## परिच्छेद-७
## बेरुजु र सम्परीक्षण

१४. आन्तरिक र अन्तिम लेखापरीक्षणबाट कायम भएका बेरुजुको प्रमाण पेस वा नियमित गरी गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने दायित्व अधिकार प्राप्त अधिकारीको हुने छ ।

१५. बेरुजु फछ्र्यौट गरी सम्परीक्षण गराउने दायित्व भएको अधिकार प्राप्त अधिकारी वा कर्मचारी सरुवा बढुवा वा अवकाश भई कार्यालय छाड्नु पर्दा निजले फछ्र्यौट गर्न बाँकी रहको बेरुजुलगत तथा कारोबारसम्बन्धी कारबाहीको सम्पूर्ण विवरण खोली बहालवाला जिम्मेवार प्राप्त अधिकारीलाई वुझाउनुपर्ने छ । जिम्मेवार प्राप्त अधिकारीले उपर्युक्तबमोजिम बुझिलिई बेरुजु फछ्र्यौट गर्नु गराउनुपर्ने छ ।

## परिच्छेद-८
## विविध

१६. एउटै लेखापरीक्षकलाई एउटै विद्यालयमा लगातार तीन पटक भन्दा बढी नियुक्ति गर्न पाइने छैन ।

१७. बुढानीलकण्ठ नगरपालिकाबाट खटाइएको लेखापरीक्षकमार्फत लेखापरीक्षण गराउनु सम्बन्धित विद्यालयको कर्तव्य हुने छ ।

१८. बुढानीलकण्ठ नगरपालिकाबाट खटाइएको लेखापरीक्षकबाट लेखापरीक्षण नगराएमा उक्त विद्यालयको निकासा बुढानीलकण्ठ नगरपालिकाले रोक्का गर्नसक्ने छ ।

१९. एउटा लेखापरीक्षकलाई एक आर्थिक बर्षमा बढीमा तीनओटासम्म विद्यालयको लेखापरीक्षण गर्न दिइने छ ।

## अनुसूचीहरू :
## अनुसूची नं. एक

मिति :......................

श्रीमान् महाशाखा प्रमुखज्यू,
शिक्षा, युवा तथा खेलकुद महाशाखा,
बुढानीलकण्ठ नगरपालिकाल काठमाडौं ।

**विषय : लेखापरीक्षकको नियुक्ति पाऊँ ।**

महोदय,
उपरोक्त सम्बन्धमा बुढानीलकण्ठ नगरपालिको मिति २०....।..।.. गते प्रकाशित सूचनाअनुसार त्यस नगरपालिका अन्तर्गतको...... ........... .................. विद्यालयको लेखापरीक्षण गर्न इच्छुक भएकोले यो निवेदन पेस गरेको छु ।

निवेदक

नामः..................
चार्टर एकाउण्टेन्स/ रजिष्टर्ड लेखापरीक्षण द.नं...
सम्पर्क नं............

**<u>संलग्न कागजातहरू</u>**

१. लेखापरीक्षकको नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि
२. आन्तरिक राजस्व कार्यालयबाट कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
३. लेखापरीक्षक बहालवाला कर्मचारी भए विभागीय स्वीकृति पत्रको प्रतिलिपि

## अनुसूची नं.२

मिति :.................................

**श्री बुढानीलकण्ठ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**शिक्षा, युवा तथा खेलकुद महाशाखा, बुढानीलकण्ठ, काठमाडौं ।**

**विषय : लेखापरीक्षकको नामावली सिफारिस गरिएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा बुढानीलकण्ठ नगरपालिकाको मिति २०../../.. को प्रकाशित सूचनाअनुसार यस नगरपालिका अन्तर्गत सञ्चालित विद्यालयको आ.व.२०../२०.. को अन्तिम लेखापरीक्षण गर्ने प्रयोजनका लागि विद्यालय व्यवस्थापन समितिको मिति २०../../.. को निर्णयानुसार आवश्यक कागजातहरूसहित तपसिलबमोजिमका लेखापरिक्षकको नामावली यसैसाथ पठाइएको बेहोरा अनुरोध छ ।

**तपसिल :**

| क्र.सं. | नाम थर | प्र. प. नं. | मोबाइल नं. |
|---|---|---|---|
| | | | |

आज्ञाले

प्रमाणीकरण मिति: २०७९।११।१२

भुवनेश्वर लामिछाने

प्रमुख प्रशासकीय अधिकृत

# बुढानीलकण्ठ नगरपालिका

## बुढानीलकण्ठ नगरकार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड:-५ संख्या:-७ मिति:- २०७९।११।१२

भाग-२

# विद्यालय लेखापरीक्षण कार्यविधि, २०७९

बुढानीलकण्ठ नगरपालिका
हात्तीगौंडा, काठमाडौं
बागमती प्रदेश, नेपाल ।

**प्रकाशक : बुढानीलकण्ठ नगरपालिका**
**हात्तिगौंडा, काठमाडौं**
**बागमती प्रदेश**
**फोन नं. : ०१-४३७२७२५**
**इमेल : budhanilkanthamun@gmail.com**
**वेबसाइट : www.budhanilkanthamun.gov.np**
**मूल्य : रू ५० ।-**